नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**
परियोजना कार्यान्वयन एकाइ
भैरहवा, रुपन्देही

फोन: ०७१-५७०५१७
०७१-५७०२०१
०७१-५८७००६
Email: pmamp.piu.rupandehi@gmail.com
Website: piurupandehi.pmamp.gov.np

पत्र संख्या :-
चलानी नं.

## एक लिंगीय भाले टिलापिया माछाको भुराको सिलबन्दी मूल्य सूची प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

सूचना नं. २६

**दोस्रो पटक सूचना प्रकाशित मितिः २०८०/११/०४**

यस एकाइको चालु आ.व.२०८०/८१ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार रुपन्देहीको माछा सुपरजोन प्रभाव क्षेत्रमा एक लिंगीय भाले टिलापिया माछापालन बिस्तार कार्यक्रमको लागि माग भएको एक लिंगीय भाले टिलापिया माछाको भुराको मूल्य सूची उपलब्ध गराउन सूचिकृत हुन चाहने एक लिंगीय भाले टिलापिया माछाको भुरा आपुर्ति गर्ने ह्याचरीहरुले आफ्नो ह्याचरी सूचिकृत गरी यस परियोजनाको Website: piurupandehi.pmamp.gov.npमा राखिएको मुल्य सुची प्रस्ताव फारम भरी तपसिल बमोजिमको आवश्यक कागजात संलग्न गरी २०८०-११-१८ गते भित्र सिलबन्दी मूल्य सूची प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

<u>तपसिल</u>

१. एक लिंगीय भाले टिलापिया माछाको भुरा उपलव्ध गराउने सम्बन्धी कार्यालयले उपलव्ध गराएको फर्मेटमा सिलबन्दी मूल्य सूची प्रस्ताव २०८०-११-१८ गते सम्ममा कार्यालय समय भित्र परियोजना कार्यान्वयन एकाई, रुपन्देहीमा पेश गर्नु पर्नेछ। प्रस्ताव पेश गर्दा सम्वन्धित आपुर्तिकर्ताले कार्यालयमा आफ्नो ह्याचरी वा संस्था सुचीकृत गर्न संस्थाको आधिकारीक निवेदन र आवश्यक कागजात समेत पेश गर्नुपर्नेछ।

२. रित पूर्वक भरेको सिलबन्दी मूल्य सूची प्रस्ताव फारमको साथ मत्स्य ह्याचरी दर्ता पत्र प्रतिलिपि, गुणस्तरीयताको प्रमाण प्रत्र प्रतिलिपी, प्यान प्रमाणपत्र प्रतिलिपि, २०७९/८० को कर चुक्ता प्रमाणपत्र प्रतिलिपि, संचालकको नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपि,माउ माछा पोखरी, ह्याचरी नर्सरी तथा रियारिङ पोखरीको रङ्गिन फोटोहरु र गत वर्षहरुको भुरा उत्पादन र बिक्रि बितरण प्रगति प्रतिवेदन संलग्न राखी पेश गर्नुपर्नेछ।

३. एक लिंगीय भाले टिलापिया माछाको भुरामा निम्नानुसारको प्राविधिक स्पेशिफिकेशनमा मात्र भुरा उपलब्ध गराउने प्रतिबद्धता पत्र पेश गर्नु पर्नेछ।

- माछाको भुरा स्वस्थ फुर्तिलो र आँखा चम्किलो हुनु पर्दछ।
- एक लिंगीय भाले टिलापिया माछाको उत्पादन गर्न प्रयोग गरिएको Hormone/Chemical वा अन्य सामाग्रीको नाम
- आफ्नै ह्याचरीमा प्रजनन गरी उत्पादित भुरा हुनुपर्ने छ।
- माछाको भुरा ५ ग्राम भन्दा माथिको हुनुपर्ने छ।
- माछाको भुराको शरीरमा कुनै पनि घाउ तथा चोटपटक देखिने हुनु हुँदैन।
- माछाको भुरा असामान्य आकारको हुनु हुँदैन।
- माछाको भुरामा कुनै पनि किसिमको रोग लागेको हुनु हुँदैन।
- एक लिंगीय भाले टिलापिया माछाको भुरा सँग मिश्रित टिलापिया वा अन्य माछाको भुरा मिसिएको हुनु हुँदैन।

४. प्राप्त मूल्य सूचीको तुलनात्मक अध्ययन विश्लेषण गरी न्यूनतम मूल्यमा अनुदान प्रवाह हुने गरी यस परियोजनाको स्वीकृत अनुदानग्राही मार्फत सूचिकृत भएका एक लिंगीय भाले टिलापिया माछाको भुराको आपुर्ति गर्ने ह्याचरी मार्फत माछाको भुरा खरीद प्रक्रिया अगाडी बढाउने गरी अनुदानग्राही सँग सम्झौता गरिनेछ र सोही अनुसार यस एकाइमा सूचिकृत भएका ह्याचरीहरुले मात्र अनुदानग्राहीहरुसँग सम्झौता गरी कार्यक्रम संचालन गर्न सक्नेछन्।

नोटः माथि उल्लेखित विवरणहरु अपुग हुने गरी पेश भएका सिलबन्दी मूल्य सूची प्रस्तावहरु स्वीकृत गर्न कार्यालय बाध्य हुने छैन।

थप जानकारीको लागि परियोजनाको Website:piurupandehi.pmamp.gov.np फोन नं. ०७१५७०२०१,०७१५७०९१७, ९८५७०१६९१७,९८५७०१७३८१,९८६७२५९३४३,९५५१२१७५२८ मा सम्पर्क राख्नु हुन अनुरोध छ।

"आत्मनिर्भर अर्थतन्त्रका लागि कृषिको आधुनिकीकरण, विशिष्टीकरण र औद्योगिकीकरण"

निमित्त वरिष्ठ कृषि अधिकृत